१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३ ॥ २०८१ माघ १८ गते शुक्रबार (31st Jan 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# सोनाम ल्होछार पर्वको रौनक



झापा(प्रस)। झापा बिर्तामोडका तामाङ समुदायले धुमधामका साथ ल्होछार पर्व मनाएका छन् । पारम्परिक सद् भाव र सहिष्णुताको भावनालाई अझ प्रगाढ र सुदृढ बनाउने उद्देश्यले तामाङ समुदायले बिर्तामोडका विभिन्न गुम्बाहरुमा अलग अलग कार्यक्रम गरी सोनाम ल्होछार पर्व उल्लासका साथ मनाएका हुन् ।
प्रकृति पूजकको पर्वका रूपमा परिचित ल्होछारमा विभिन्न मिष्ठान्न भोजनका साथै आफ्नो समुदायको मौलिक संस्कृति र परम्पराअनुसारको सांस्कृतिक कार्यक्रमसहित हर्ष उल्लासका साथ मनाइएको हो।

मञ्जुश्री संवत २८६१ को अवसरमा बिर्तामोड ४ स्थित नमोबुद्ध गुम्बा र बिर्तामोड ९ स्थित नेखाङ्ग छ्योलिङ्ग गुम्बामा शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम गरिएको थियो । दुवै कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्की रहेका थिए ।
नेपाल तामाङ घेदुङ बिर्तामोड नगर समितिको आयोजनामा नमोबुद्ध गुम्बामा कार्यक्रम आयोजना गरिएको थियो । नगर अध्यक्ष विजय तामाङको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि मन्त्री कार्की , बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाई , समाजसेवी प्रेमराज घिसिङ,गोविन्द तामाङलगायतले मन्तव्य राखेका थिए । उपाध्यक्ष तारा चाम्लिङ तामाङले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव गणेश तामाङले गरेका थिए । कार्यक्रममा शिक्षक मानबहादुर तामाङ र सहयोगी कमला लोलाई सम्मान गरिएको थियो ।

त्यस्तै बिर्तामोड ९ को नेखाङ्ग छ्योलिङ्ग गुम्बामा आयोजित कार्यक्रममा मन्त्री कार्की , बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई , उपप्रमुख नगेन्द्र संग्रौला , बिर्तामोड ९ का वडाध्यक्ष हरि चौलागाँई , तामाङ घेदुङ बिर्तामोडका अध्यक्ष बिजय तामाङ,कंचन टोलका अध्यक्ष प्रेम भण्डारी , गुम्बाका संस्थापक अध्यक्ष चन्द्रमणि योञ्जनलगायतले शुभकामना मन्तव्य राखेका थिए । उपाध्यक्ष मानबहादुर थिङले स्वागत गरेको कार्यक्रमको संचालन सचिव चनीमाया तामाङले गरेकी थिइन् । तामाङ समुदायले सोनाम ल्होसारलाई नयाँ पर्वको रुपमा धुमधामसँग मनाउने चलन रही आएको छ।

# न्यूटन्सले मनायो २२ औं बार्षिकोत्सव

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड-५ मा रहेको न्यूटन्स एजुकेशन एकेडेमीले २२ औं बार्षिक उत्सव तथा अभिभावक दिवस मनाएको छ । एकेडेमीले बिहीवार विद्यालय परिसरमा विविध कार्यक्रम गरी २२ औं बार्षिकोत्सव मनाएको हो ।



विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेश सरकारका खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीको प्रमुख आतिथ्य रहेको थियो ।

सोही कार्यक्रमकाबिच विद्यालयले न्यूटन्सका विद्यालय ब्यवस्थापन समितिका पूर्व अध्यक्ष, पूर्व प्रधानाध्यापक महेन्द्ररत्न तथा शैक्षिक ब्यक्तित्व किशोर प्रसाईलाई अभिन्नदन तथा सम्मान गरेको छ । उक्त सम्मानपत्र शिक्षक नारायण पौडेलले वाचन गरेका थिए । यसैगरी विद्यालयलाई सँधै सरसल्लाह, सुझाव र मार्गनिर्देशन गर्ने अभिभावकका रुपमा सविता लिम्बू र दिनेश अधिकारीलाई सम्मान गरिएको छ ।

उनीहरुको सम्मानपत्र शिक्षिका सुष्मा तामाङले वाचन गरेकी थिइन् ।
त्यस्तै जनसेवामा समर्पित ब्यक्तित्वका रुपमा स्त्रीरोग बिशेषज्ञ डा. प्रियङ्का कटुवाल र एडभान्स प्याथोलोजी प्रमुख डा. सीमा प्रधानलाई सम्मान गरिएको थियो । उनीहरुको सम्मानपत्र शिक्षिका जेन्नी राईले वाचन गरेकी थिइन् ।

त्यसैगरी सामाजिक क्षेत्रमा क्रियाशील न्यूटन्सका पूर्व विद्यार्थीहरुलाई पनि कदरपत्रद्वारा सम्मान गरिएको थियो । उनीहरुको कदरपत्र शिक्षिका तीला परियारले वाचन गरेकी थिइन् । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि मन्त्री कार्की, विद्यालयका प्रिन्सिपल देबेन्द्र हुमागाई, बिर्तामोड नगर शिक्षा प्रमुख तिलचन भण्डारी, बिर्तामोड-५ का वडाध्यक्ष रोहित प्रसाईलगायतले कदरपत्रसहित दोसल्ला र मायाको चिनोसहित सम्मान गरेका थिए ।
विद्यालयले प्राथमिक तह साँस्कृतिक कार्यक्रमसहित २२ औं बार्षिक उत्सव तथा अभिभावक दिवस मनाएको हो ।
स्वागत मन्तव्यसहित बिद्यालयको गतिबिधिबारे प्रिन्सिपल देबेन्द्र हुमागाईले प्रकाश पारेको कार्यक्रममा प्रमुख अतिथि मन्त्री कार्की, नगर शिक्षा प्रमुख तिलचन भण्डारी, डा. प्रियङ्का कार्कीले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षिका पवित्रा पौडेलले गरेकी थिइन् ।

# नाबालिका छोरीलाई निर्घात कुटपिट गर्ने पक्राउ

झापा(प्रस)। पशुलाई जस्तो आफ्नै नाबालिका छोरीलाई निर्घात कुटपिट गर्ने बिर्तामोड-९ का एकजनालाई प्रहरीले पक्राउ गरेको छ । १५ वर्षीया छोरी स्वस्तिका विष्टलाई निर्घात कुटपिट गर्ने बिर्तामोड ९ का अन्दाजी ४५ वर्षका प्रकाश भनिने निरकुमार विष्टलाई बुधवार प्रहरीले पक्राउ गरेको हो ।

साथीसंग घुम्न हिडेकी भन्दै विष्टले छोरीलाई कोठा थुनेर पिलासले टाउको फुटाइदिएका छन् भने भाटाले तिघ्रा,



ढाड र हातमा निलडाम हुने गरी निर्घात कुटपिट गरेका छन् । आफू घरबहिर भएका बेला श्रीमानले छोरीलाई निर्घात कुटपिट गरेपछि प्रहरी बोलाएर पक्राउ गर्न लगाएको विष्टकी श्रीमती रेनुका विष्टले बताइन् । यसअघि पनि विष्टले पटकपटक छोरीलाई कुटपिट गर्ने गरेको एक छिमेकीले बताए । उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । विष्टलाई बुधवार नै पक्राउ गरी राखिएपनि बिहीवारसम्म जाहेरी नपरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक सन्तोष राईले बताए ।

# उपाधिको लागि बिर्तामोड र भद्रपुर खेल्ने

बिर्तामोड(प्रस)। बुद्धशान्तिमा जारी दोस्रो बर्खा स्मृति अन्तरपालिका टि २० पुरुष क्रिकेट प्रतियोगिताको उपाधिको लागि बिर्तामोड र भद्रपुर नगरपालिका खेल्ने भएका छन् ।
बिहीवार भएको सेमिफाइनलमा गौरादहलाई पहिलो संस्करणको विजेता बिर्तामोडले र मेचीनगरलाई पराजित गर्दै भद्रपुरले उपाधिका लागि यात्रा तय गरेका हुन् ।
पहिलो सेमिफाइनलमा खेलमा टस जितेर पहिले ब्याटिङको गरेको गौरादह नगरपालिकाले बिर्तामोडलाई १८० रनको लक्ष्य प्रस्तुत गरेको थियो ।
गौरादहका लागि सुरज न्यौपानेले १०९ रनको शतकीय पारी खेलेका थिए भने याम तिम्सिनाले २८ रन बनाएका थिए ।
१८० रनको लक्ष्य पछ्याउने क्रममा बिर्तामोड नगरपालिकाले १६.३ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य सजिलै प्राप्त गरेका थिए ।
गौरादहका लागि प्रतियोगितामा लगातार २ अर्धशतक र बिहीवारको खेलमा शतक प्रहार गरेका सुरज न्यौपानेको योगदान जितमा परिणत हुन सकेन ।
बिर्तामोडलाई जित दिलाउन महत्वपूर्ण ६६ रनको योगदान दिएका सिवान्स बजगाईं खेलको प्लेयर अफ द म्याच भए । उनले नगद ३ हजार, मेडल र ट्रफी पाए ।
त्यस्तै, अन्तिम सेमिफाइनल खेलमा मेचीनगर नगरपालिकालाई ११६ रनको ठुलो अन्तरले पराजित गर्दै भद्रपुर नगरपालिका फाइनलमा प्रवेश गरेको छ ।

पहिले ब्याटिङ गरेको भद्रपुरले मेचीनगरसामु २०७ रनको लक्ष्य प्रस्तुत गरेको थियो । निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै अंकित सुवेदीको ४८ र सिद्धार्थ कुमालको ३९ रनको मद्दतमा भद्रपुरले २०६ रनको योगफल तयारी गरेको हो ।
मेचीनगरका लागि प्रतियोगिताकै पहिलो ह्याट्रिकसँगै एकै ओभरमा जयदेव राजवंशीले ४ विकेट लिए पनि जितका लागि पर्याप्त हुन सकेन ।
२०७ रनको ठुलो लक्ष्य पछ्याएको मेचीनगर नगरपालिका १२।१ ओभरमा अलआउट हुँदै ९० रन बनाउन सफल भयो । भद्रपुरलाई शानदार जित दिलाउन ४८ रन बनाउनुका साथै ४ विकेट लिएका अंकित सुवेदी प्लेयर अफ द म्याच भए । उनले नगद ३ हजार,




मेडल र ट्रफी पाए ।
प्रतियोगिताको उपाधि खेल माघ १९ गते शनिबार हुनेछ । साथै, बर्खा इन्डो नेपाल महिला क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार पहिलो खेल हुनेछ ।प्रतियोगिताको विजेताले नगद १ लाख ५० हजार, मेडल, ट्रफी, प्रमाणपत्र पाउनेछ भने उपविजेताले नगद ७५ हजार, मेडल, ट्रफी, प्रमाणपत्र पाउने प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंले बताए ।

### गायत्री मन्दिरको भव्य शोभायात्रा

# सभामुख घिमिरेद्वारा अनुष्ठानको उद्घाटन



झापा(प्रस)।बिर्तामोड-५ स्थित बालाजी मन्दिरनजिकै निर्माण गरिएको गायत्री माताको प्राण प्रतिष्ठा गर्नुअघि पाँच दिवसीय अनुष्ठान शुरु भएको छ ।
अनुष्ठानको उद्घाटन प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले गरेका छन् ।
अनुष्ठानको उद्घाटनअघि कलशमा गंगाजल अर्पण गरेपछि शुरु भएको शोभायात्रा बिर्तामोड नगर परिक्रमापछि गायत्री मन्दिर परिसरमा पुगेर बिसर्जन गरिएको थियो । शोभायात्रामा सभामुख घिमिरे आफैं सरिक भएका थिए ।
एक हजारभन्दा धेरै भक्तजनको सहभागितामा भएको शोभायात्रामा सभामुख घिमिरे शनिश्चरे रोड हुँदै मुक्ति चौक परिसरसम्म हिंडेरै सहभागी बनेका थिए ।
आचार्य आशुतोष खनालको संयोजनमा २१ जना ब्राम्हण र एक सय जना बटुक समेत शोभायात्रामा सहभागी बनेका थिए । पञ्चेबाजासहित निकालिएको शोभायात्रामा स्थानीय भजन कीर्तन समूहका महिलाहरु समेत सरिक थिए ।
विभिन्न भेषभूषामा सजिएर कलशयात्रामा सरिक महिलाहरुले गायत्री माताको मन्त्र उच्चारण गरेका थिए ।
बिर्तामोडमा पहिलो पटक आयोजना गरिएको गायत्री माताको पाँच दिवसीय अनुष्ठान माघ २१ गतेसम्म सञ्चालन हुने हुनेछ । स्थानीय दाता , बिर्तामोड नगरपालिका र प्रदेश सरकारको अढाई करोड रुपैयाँको संयुक्त लगानीमा गायत्री माताको मन्दिर निर्माण गरिएको हो । अनुष्ठान शुरु भएसंगै नेपाल तथा भारतमा ख्यातिप्राप्त भजन गायकद्वारा दैनिक भजन कीर्तनको आयोजना गरिएको गायत्री मन्दिर सेवा समितिका कार्यक्रम संयोजक रोनक वंशलले बताए ।

उनका अनुसार भजन कीर्तनका लागि कृष्ण भण्डारी, आयुष शर्मा, साहिल कोहली, धीरज सिंह राजपुत र नेहा सिंह राजपुत सहभागी हुनेछन् । माघ २० गते नेपाल राष्ट्रका प्रथम ऐतिहासिक जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचनको आयोजना गरिएको छ ।
माघ २१ गते विधिपूर्वक प्राण प्रतिष्ठा गरिने कार्यक्रम संयोजक रोनक वंशलको भनाई छ । माताको प्राण प्रतिष्ठा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गर्ने कार्यक्रम तय भएको छ ।
मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविरको समेत आयोजना गरिएको छ । जसका लागि स्पाइन एक्स हस्पिटल प्रालिले निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था मिलाएको थियो ।

# इलामको धूपी, पाती र मेन्थाको तेल फ्रान्ससम्म

इलाम(प्रस) । इलाममा उत्पादित जडीबुटीको तेल विदेश निर्यात हुने गरेको छ। माईजोगमाई गाउँपालिकास्थित नित्यराज दाहालको उद्योगमा उत्पादित तेल विदेश निर्यात हुन थालेको हो ।

दहालले १३ वर्षअघि स्थापना गरेको यस उद्योगबाट गत वर्षदेखि तेललगायत स्थानीय जडीबुटी विदेश निर्यात हुन थालेको बताए। उनले विशेषगरी फ्रान्समा त्यहाँबाट उत्पादित वस्तु जाने गरेको जानकारी दिए ।

'हाम्रो उद्योगमा गाउँमा नै पाइने पाती, धूपी, मेन्था, धसिङ्गरेलगायत स्थानीय जडिबुटीबाट तेल निकालिन्छ। त्यसमध्ये हाल पाती, मेन्था र धूपीबाट प्रशोधित तेल विदेश निर्यात हुन थालेको हो,' दाहालले भने,'निकट दिनमा जेरेनियम, जङ्गली सयपत्री, रोजमेरीलगायतबाट पनि तेल उत्पादन गर्ने तयारी भइरहेको छ ।



विदेशीले नेपाली प्राकृतिक वस्तु मन पराउने गरेका छन् । त्यसैले मागअनुसार उत्पादन गरिरहेका छौं ।'

उनले आफू ओसोको अनुयायी भएकाले त्यहाँ ध्यान गर्न आएका विदेशीहरूले नै उत्पादित वस्तु खरिद गरेर लैजाने गरेको बताए। 'सुरुसुरुमा विदेशीले पनि सामान्य रूपमा लिने गरेका थिए । पछि तेलको महत्वबारे जानकारी गराएपछि उहाँहरूले मन पराउनुभयो। उत्पादन गरेका सबै वस्तु बिक्री हुन थालेपछि हौसला बढेको छ,' दाहालले भने ।

धूपीको तेल प्रतिकिलोग्राम रु दुई हजार ५००, तीतेपातीको तेल प्रतिकिलो रु छ हजार, मेन्थाको तेल प्रतिकिलो रु सात हजार र धसिंगरेको तेल प्रतिकिलो रु सात हजारमा बिक्री हुने गरेको छ। दाहालले ३५ रोपनी जमिनमा यस्ता विभिन्न वनस्पतिको खेती गर्दै आएका छन्। उनले स्थानीय किसानबाट समेत कच्चापदार्थ खरिद गर्ने गरेका छन् ।

'गाउँका किसानले उत्पादन गरेको वस्तु घरमा नै गएर खरिद गरिरहेका छौँ । धूपी प्रतिकिलो रु आठ र तीतेपाती प्रतिकिलो रु चारले घरमै गएर खरिद गर्दा किसान पनि लाभान्वित भएका छन्,' दाहालको भनाइ छ। गाउँका खाली जमिनको सदुपयोग गरेर स्थानीयस्तरमा नै व्यावसायिक उत्पादन गरिएको स्थानीय केशव दाहालले बताए। त्यहाँबाट उत्पादित तेल रुघाखोखी, घाँटी दुखेको बेला प्रयोग गर्ने, चोट लागेको ठाउँमा मालिस गर्न र हाडजोर्नीको समस्या भएका, ढाड दुखेका बिरामीहरूले यसको बढी प्रयोग गर्ने गरेको दाहालको भनाइ छ ।

# सुमो दुर्घटनामा तीन जनाको मृत्यु

झापा(प्रस) । ओखलढुंगामा सुमो दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ। खोटाङबाट काठमाडौँ जाँदै गरेको ना १ ज ६४२१ नम्बरको सुमो ओखलढुंगाको माने भन्ज्याङ गाउँपालिका-७ भडारेखोलामा बुधबार राति दुर्घटना हुँदा एकै परिवारका तीन जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक प्रतीक विष्टका अनुसार आगोले घाइते भएकी केपिलासगढी गाउँपालिका-३ बास्पानीकी ५६ वर्षीया मायादेवी गुरुङलाई उपचारका लागि काठमाडौँ लैजाने क्रममा उनीसहित उनका छोरा २८ वर्षीय पूजन गुरुङ र दित्केल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाकी ४५ वर्षीया तारा गुरुङको मृत्यु भएको हो ।

सुमो चालक सुनसरी इनरुवा नगरपालिका-२ का २२ वर्षीय अनिल पण्डित फरार रहेको प्रहरीले जनाएको छ। 'बिरामीलाई लिएर काठमाडौँ लैजाने क्रममा राति दुर्घटनामा परी तीन जनाको घटनास्थलमै मृत्यु भएको हो, तर कति बजे भन्ने चाहिँ खुलिसकेको छैन,' विष्टले भने, 'उनीहरूको शव पोस्टमार्टमका लागि जिल्ला ल्याइएको छ ।'




# कन्काईमा आगलागी हुँदा गोठ जलेर नष्ट

झापा(प्रस) । झापाको कन्काई नगरपालिका वडा नम्बर २ सुकेडाँगीमा आगलागी हुँदा गोठ जलेर नष्ट भएको छ ।

बिहीवार बिहान अन्दाजी ४:४५ बजे सुकेडाँगी बस्ने देउकुमारी राईको गोठमा बालेको आगोबाट अचानक आगलागी भएको हो । आगलागीबाट गोठमा रहेको १० वटा प्लाटिकको ड्रम, १८ वटा



कुखुरा, पराल, काठपात, कुटी काट्ने मेशिन र गाईगोठ पूर्णरुपमा जलेर नष्ट भएको छ । सो आगलागीबाट ४ लाख ५० हजार बराबरको क्षति भएको जनाइएको छ ।

सोही गोठमा रहेको एउटा गाई र बाछा घाइते भएका छन् । त्यस्तै देउकुमारी राईको आगो निभाउने क्रममा घाइते भएकी छन् । स्थानीय र कन्काई नगरपालिकाको दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

# भद्रपुर झापा गोल्डकपका दर्शकले मोटरसाइकल पाउने

भद्रपुर(प्रस)। दोस्रो संस्करणको सौर्य एयर ओम साई पाथिभरा हस्पिटल भद्रपुर झापा गोल्डकपका दर्शकले टिभिएस मोटरसाइकल पाउने भएका छन् ।

टिकट लिएर प्रतियोगिता हेर्न आएका दर्शकमध्ये एकजनालाई जगदम्बा मोटर्सले टिभिएस मोटरसाइकल उपलब्ध गरउने गोल्डकपका अध्यक्ष दिपेश ढकालले बताए।

यही फागुन ७ गतेदेखि १६ गतेसम्म आयोजना हुने गम्भीर राई स्मृति संस्करणको फाइनल खेलका एकजना दर्शकले टिकटका आधारमा लक्की ड्रमार्फत मोटरसाइकल पाउने ढकालले जानकारी दिए।

त्यस्तै, प्रिक्वार्टर, क्वार्टर र सेमिफाइनलका खेल हेर्न टिकट लिएर आएका दर्शकलाई बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले हिमस्टार एलइडी टिभी प्रदान गर्नेछ।

यसैबीच, प्रतियोगितामा विभागीयसहित नेपालका ६ वटा ए डिभिजन क्लब, भुटान र बंगलादेशका एक-एक टिम तथा झापा ११ र आयोजकको भद्रपुर ब्लेजर्सको सहभागिता रहने महासचिव जीवनकुमार श्रेष्ठले बताए।

२०७९ मा पहिलो संस्करणमा निकै ठुलो चर्चा र प्रशंसा बटुलेको भद्रपुर झापा गोल्डकपले दोस्रो संस्करण अझ भव्य र थप परिष्कृत हुनेगरी हुन लागेको अध्यक्ष ढकालले बताए।

झापाको सरकारी स्वामित्वमा रहेको सुविधायुक्त मेची रंगशालामा आयोजना हुने प्रतियोगिताअन्तर्गत पहिलो संस्करणको उपाधि त्रिभुवन आर्मी एफसीले जितेको थियो ।

## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नेदिऔं,
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ढंगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बिर्तामोड नगर अस्पताल

बिर्तामोड-३, बिर्ताबजार, झापा

### अस्पतालबाट प्रवाह हुने सेवाको समय तालिका

**प्रसूति सेवा** २४ घण्टे, नियमित

**इमरजेन्सी सेवा** प्रत्येक दिन, बिहान ७ देखि बेलुका ७ बजेसम्म

### ओ.पि.डी. सेवा

| टिकट काट्ने समय | ओ.पि.डी. समय |
|---|---|
| **आइतबारदेखि बिहीबारसम्म** बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजेसम्म | **आइतबारदेखि बिहीबारसम्म** बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म |
| **शुक्रबार** बिहान ७:०० बजेदेखि दिनको १२:०० बजेसम्म | **शुक्रबार** बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |



### विशेषज्ञ सेवाको समय

| | |
|---|---|
| स्त्रीरोग विशेषज्ञ | प्रत्येक दिन, बिहान ७:०० देखि ५:०० बजेसम्म |
| बालरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| मनरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| फिजिसियन | प्रत्येक बुधबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| हाडजोर्नी विशेषज्ञ | प्रत्येक बिहीबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| सर्जरी | प्रत्येक शुक्रबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |



"समुदायमा आधारित पारदर्शी, सवल, सक्षम, बितिय तथा व्यवसायिक सहकारी"

र.न. ३/१/७(७८)०५३/५४ श्री पान नं. ३०२०६०६४३

## सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## Satashi Multipurpose Cooperative Society Ltd.

Grow With Us

प्रधान कार्यलय :- बिर्तामोड-५, झापा

सम्पर्क नं. : ०२३- ५४५२८७ ई-मेल : satashi87@gmail.com वेवसाइट : satashi.coop.np

## कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१ माघ १८ गते**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको ऋण सुविधा संस्थासँग ऋण लिँदाको बखत गरेको शर्त अनुसारको तोकिएको समयमा तिर्नु/बुझाउनु पर्ने सावाँ तथा ब्याज नतिरी/नबुझाई ऋण सम्बन्धी सर्त उल्लंघन गर्नु भएको तथा पटक पटक लिखित तथा मौखिक तरतागेता गर्दा समेत ऋण भुक्तान नगर्नु भएको हुनाले यो सूचना प्रथम पटक प्रकाशसित भएको मितिले ३५ दिनभित्रमा यस संस्थामा तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ कर्जा तथा त्यसमा पाकेको ब्याज हर्जना वा अन्य दैदस्तुर चुक्ता गर्नुहुनको लागि वा भुक्तान भइसकेको भए सोको प्रमाण पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यो सूचनामा उल्लेख भएको अवधि भित्रमा चुक्ता गर्नुपर्ने सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुर भुक्तान नभएमा वा भुक्तान भएको भए सोको प्रमाण पेश नगरेमा यस संस्थाबाट ऋण लिँदाको बखत संस्थाको नाममा लेखाईदिएको धितो सम्पत्ति लिलाम बिक्री गरी वा धितोले अपुग भएका ऋणीको नाममा रहेको तथा यस ऋण लिँदा उक्त ऋणको लागि जमानत दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा हक लाग्ने चल अचल सम्पत्तिबाट सहकारी ऐन २०७४ को दफा ७९, ८३ र ८४ तथा सहकारी नियमावली २०७५ को नियम ३० र ३२ बमोजिम वा अन्य प्रचलित कानुन बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी वा व्यक्तिगत जमानतकर्ताका नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।

| क्र.स | ऋणीको विवरण | ऋणीको फोटो | मुल जमानीकर्ताको बिवरण |
|---|---|---|---|
| १ | ऋणीको नाम : **अरुण कुमार ठाकुर**<br>बाबुको नाम : प्रभु नारायण ठाकुर<br>बाजेको नाम : भुवेश्वर ठाकुर<br>स्थाई ठेगाना : झापा जिल्ला चकचकी गा.वि.स वडा नं ०२<br>हालको ठेगाना : चकचकी-०४<br>ना.प्र.नं : ०४३०२१/५४४<br>जारी जिल्ला : झापा |  | नाम : **वरुण कुमार ठाकुर**<br>बाबु : प्रभु नारायण ठाकुर<br>बाजे : भुवेश्वर ठाकुर<br>स्थाई ठेगाना : झापा जिल्ला चकचकी गा.वि.स वडा नं ०२<br>हालको ठेगाना : चकचकी-०४<br>ना.प्र.नं : ०४३०२१/३५१<br>जारी जिल्ला : झापा |
| २ | ऋणीको नाम : **मधु कुमारी अधिकारी**<br>बाबुको नाम : कृष्ण प्रकाश लिम्बु<br>बाजेको नाम : छत्र बहादुर लिम्बु<br>स्थाई ठेगाना : झापा जिल्ला धाईजन गा.वि.स वडा नं ०९<br>हालको ठेगाना : मेचीनगर-११<br>ना.प्र.नं : ३००४२६८०<br>जारी जिल्ला : झापा |  | नाम : **कृष्ण प्रसाद अधिकारी**<br>पत्नी : मधु कुमारी अधिकारी<br>बाबु : तिलोचन अधिकारी<br>स्थाई ठेगाना : झापा जिल्ला डाँगीबारी गा.वि.स वडा नं ०८<br>हालको ठेगाना : मेचीनगर- ११<br>ना.प्र.नं : २३३७११९७<br>जारी जिल्ला : झापा |
| ३ | ऋणीको नाम : **गोमा देवी बजगाई**<br>बाबुको नाम : तेज बहादुर चम्लागाई<br>बाजेको नाम : धारमान लिम्बु<br>स्थाई ठेगाना : झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं ०८<br>हालको ठेगाना : कनकाई-०२<br>ना.प्र.नं : ०४३०३१/२४०३<br>जारी जिल्ला : झापा |  | नाम : **दिल बहादुर बजगाई**<br>पत्नि : गोमा देवी बजगाई<br>बाबु : लाल बहादुर बजगाई<br>स्थाई ठेगाना : झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं ०८<br>हालको ठेगाना : कनकाई-०२<br>ना.प्र.नं : ०४३०३१/२१८७<br>जारी जिल्ला : झापा |
| ४ | ऋणीको नाम : **बोली कुमारी नेम्वाङ्ग**<br>बाबुको नाम : भवानी नेम्वाङ्ग<br>बाजेको नाम : आशीक राम नेम्वाङ्ग<br>स्थाई ठेगाना : पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं ०३<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : २२६६<br>जारी जिल्ला : पाँचथर |  | नाम : **धन बहादुर चोङवाङ**<br>बाबु : डम्बर बहादुर लिम्बु<br>स्थाई ठेगाना : ताप्लेजुङ्ग जिल्ला साघु गा.वि.स वडा नं ०४<br>हालको ठेगाना : बिर्तामोड-०१<br>ना.प्र.नं : ३२५४६/३४२०<br>जारी जिल्ला : ताप्लेजुङ्ग |
| ५ | ऋणीको नाम : **नौयाराज चम्लागाई**<br>बाबुको नाम : कृष्णप्रसाद चम्लागाई<br>बाजेको नाम : जयनारायण चम्लागाई<br>स्थाई ठेगाना : झापा जिल्ला पृथ्वीनगर गा.वि.स वडा नं ०५<br>हालको ठेगाना : भद्रपुर- ०२<br>ना.प्र.नं : ०३/२२३<br>जारी जिल्ला : झापा |  | नाम : **पुष्पा चम्लागाई**<br>पति : नौयाराज चम्लागाई<br>बाबु : भगिरथ घिमिरे<br>स्थाई ठेगाना : झापा जिल्ला पृथ्वीनगर गा.वि.स वडा नं ०५<br>हालको ठेगाना : भद्रपुर- ०२<br>ना.प्र.नं : ०३/३८४६<br>जारी जिल्ला : झापा |
| ६ | ऋणीको नाम : **पुतली कुमारी धिमाल**<br>बाबुको नाम : दधिलाल धिमाल<br>बाजेको नाम : आमोल धिमाल<br>स्थाई ठेगाना : झापा जिल्ला अर्जुनधारा गा.वि.स वडा नं ०६<br>हालको ठेगाना : अर्जुनधारा-०५<br>ना.प्र.नं : २१५३/३३०<br>जारी जिल्ला : झापा |  | नाम : **टंक कुमार धिमाल**<br>बाबु : सञ्जन कुमार धिमाल<br>बाजे : असिलाम धिमाल<br>स्थाई ठेगाना : झापा जिल्ला अर्जुनधारा गा.वि.स वडा नं ०६<br>हालको ठेगाना : अर्जुनधारा-०५<br>ना.प्र.नं : ६९७१५६०<br>जारी जिल्ला : झापा |
| ७ | ऋणीको नाम : **जस बहादुर तामाङ्ग**<br>बाबुको नाम : हर्क बहादुर तामाङ्ग<br>बाजेको नाम : सेर बहादुर तामाङ्ग<br>स्थाई ठेगाना : तेह्रथुम जिल्ला इवा गा.बि.स वडा नं ०४<br>हालको ठेगाना : मेचिनगर-११<br>ना.प्र.नं : ३८३११/४१९<br>जारी जिल्ला : तेह्रथुम |  | नाम : **पिङ्गला तामाङ्ग**<br>पति : जस बहादुर तामाङ्ग<br>बाबु : शुकराम तामाङ्ग<br>स्थाई ठेगाना : झापा जिल्ला बाहुण्डाँगी गा.वि.स वडा नं ०७<br>हालको ठेगाना : मेचीनगर-११<br>ना.प्र.नं : ०५३१/११२<br>जारी जिल्ला : झापा |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मिलेर गरौं विपद व्यवस्थापन

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रअन्तर्गत जिल्लाका चार पालिकाको साझेदारीमा एकीकृत विपद् व्यवस्थापन केन्द्र धमाधम निर्माण भइरहेको छ ।

अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति र कनकाईको साझेदारीमा अर्जुनधारा नगरपालिका–१ मा निर्माणाधीन उक्त परियोजनाको कुल लागत रु पाँच करोड २० लाख रहेको छ ।

स्वीस सरकार र कोशी प्रदेश सरकारले परियोजनालाई सहयोग गरेका छन् । उक्त एकीकृत विपद् व्यवस्थापन केन्द्रमा प्रहरीको युनिटसहित चारवटा दमकल, एउटा शववाहन, प्रहरी वाहन र तीनवटा साना वाहन रहने छ ।

वाहन मर्मत गर्ने ग्यारेज, पानी जम्मा गर्ने रिजर्भियर, विपद् सामग्री भण्डारण गर्ने गोदाम, प्रहरी, कामदार र कर्मचारी बस्ने आवास, हेलिप्याड, प्रशासनिक भवनलगायत पूर्वाधार निर्माण भइरहेको छ ।

परियोजनामा प्रदेश सरकारको ५० प्रतिशत, स्वीट्जरल्याण्ड सरकारको २० प्रतिशत, बुद्धशान्ति गाउँपालिकाको छ प्रतिशत र अन्य तीनवटा नगरपालिकाको २४ प्रतिशत लगानी रहेको छ ।

सञ्चालन कार्यविधिअनुसार परियोजनाको सञ्चालन र रेखदेख चारवटै स्थानीय तहले मिलेर गर्ने र उपयोग भने त्यसभन्दा बाहिरका पालिकाले पनि गर्न सक्नेछन् ।विसं २०८० मंसिरमा सुरु गरिएको उक्त परियोजना दुई वर्षभित्र निर्माण भइसक्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ । हाल परियोजनाको भौतिक प्रगति ५० प्रतिशत र आर्थिक प्रगति ४० प्रतिशत रहेको बताइएको छ ।

जिल्लाको केन्द्रीय भूभाग पारेर अर्जुनधारामा निर्माण गरिने विपद् व्यवस्थापन केन्द्रबाट जिल्लाको १५ वटै पालिका र छिमेकी इलाम र मोरङ जिल्लावासी पनि लाभान्वित हुने आशा गरिएको छ ।

केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दमकल, एम्बुलेन्स, डुङ्गा, शववाहन र अन्य उपकरणसहित चौबीसै घण्टा प्रहरी जनशक्ति तैनाथ रहने भएकाले कुनै पनि विपद्का बेला यसबाट उद्धार कार्यलाई छिटो र व्यवस्थित रूपमा अघि बढाउन सकिने विश्वास छ ।

अन्तरपालिका साझेदारीमा परियोजना सञ्चालन भएकाले यसलाई कोशी प्रदेशको नमूना विकास परियोजनाका रूपमा हेरिएको छ । पालिका एक्लाएक्लैले लगानी गर्न असम्भव हुने र साझा सवालमा मिलेर लगानी गर्ने अवधारणाअनुरुप जिल्लाका चारवटा पालिकाको साझेदारीमा एकीकृत विपद् व्यवस्थापन केन□को निर्माण भइरहेको हो । यसबाट मिलेर विपद्संग लड्न र विपद्पछिको संकटको सामना गर्न सहज हुने भएको छ ।




# बिदेसिएका विद्यार्थी फर्काउने विकल्प



• हरि लम्साल

विगत तीन वर्षमा उच्च शिक्षा अध्ययन गर्न नोअब्जेक्सनपत्र लिने विद्यार्थीको संख्या एक लाख १० हजारभन्दा माथि छ । यही अवधिमा मेडिकल स्नातक र स्नातकोत्तरमा अध्ययन गर्न आउने विदेशी विद्यार्थी १,१६७ थिए भने बाहिरिने नेपाली विद्यार्थी २,२२२ रहे ।

स्वास्थ्य मन्त्रालयको २०८१ माघको प्रतिवेदनले सन् २०२३ मा मुलुकमा २,६९२ जना नयाँ चिकित्सक मेडिकल काउन्सिलमा दर्ता भए भने बिदेसिने चिकित्सक २,३१८ रहेको देखायो । त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) महाराजगन्जबाट एमबिबिएस उत्तीर्ण गरेका ४३ जनामध्ये ४१ जनाले विदेश जान परीक्षामा नाम दर्ता गराइसकेको पाइयो । नेपाल राष्ट्र बैङ्कको पछिल्लो विवरण अनुसार आव २०८१/८२ मङ्सिर महिनासम्म लगभग ४७.४१ अर्ब शिक्षाका लागि बाहिरियो जुन गत वर्षको यही अवधिमा ४७.३४ अर्ब थियो ।

यस्तै सन्दर्भलाई लिएर मुलुकको उच्च शिक्षामा मुख्यतः दुई विषय उठेको देखिन्छ । पहिलो, उच्च शिक्षा अध्ययन गर्न ठुलो संख्यामा विद्यार्थी बिदेसिए । दोस्रो, यही कारणले मुलुकका विश्वविद्यालयमा विद्यार्थी संख्या घट्न थाले । विगत केही वर्षमा विद्यार्थी बिदेसिने क्रम बढ्दो क्रममा छ । विदेशी मुद्रा बाहिरिएको पनि छ । अध्ययनका लागि मात्र नभएर दक्ष जनशक्ति पनि बाहिरिएको देखियो । यो आफैँमा सोचनीय विषय छ ।

उच्च शिक्षा आकांक्षी युवा र दक्ष जनशक्ति बाहिरिने क्रम बढेपछि मुलुकभित्रको उच्च शिक्षा भर्ना दरमा संकुचन आउने नै भयो । भर्ना दरमा संकुचन आउनुको कारण विद्यार्थी बिदेसिने मात्र नहुन पनि सक्छ । उच्च शिक्षामा भर्ना दर घट्न थाल्यो भन्ने विषयबाट बहसका सन्दर्भमा विभिन्न आयाम र दृष्टिकोणबाट हेरेर समस्याको कारण र असर खोज्नु पर्छ ।

जनसंख्या वृद्धिदर र कक्षा एवं तह दोहोर्‍याउने दरमा आउने कमीले गर्दा उच्च शिक्षामा विद्यार्थी संख्या अझ घट्न सक्छ । माध्यमिक तह पूरा गर्ने सबै विद्यार्थी उच्च शिक्षामा भर्ना नभई कामको संसारमा प्रवेश गर्न थाले भने यो संख्यामा अझ कमी आउन सक्छ । यसै गरी बिदेसिएका विद्यार्थीका कारण पनि संख्यामा कमी आउन सक्छ । विदेश नगई मुलुकमै अध्ययन गर भन्न मिल्ला र ?

मुलुकभित्र उच्च शिक्षामा विद्यार्थीको आकर्षण कम हुँदै जाने विषय युवा विद्यार्थीको चाहनासँग सम्बन्धित हुन सक्छ । स्नातक तह र सोभन्दा माथि अध्ययन गर्ने युवा समूहभित्र पर्ने भएकाले यिनको चाहना, आकांक्षा एवं स्वभाव र हामीले प्रवाह गरेको सेवासम्बन्धी अध्ययनले केही सन्देश दिन सक्छ ।

**बदलिँदो पुस्ता र उच्च शिक्षा**

जेड जेनेरेसन, मिलेनियल्स, जेन अल्फा एवं विटा जेनरेसन आफैँमा पुस्ता हुन् । जब पुस्ता बदलिन्छ अनि सोच बदलिने हुन्छ । एकआपसको सम्बन्ध बदलिन्छ । युवा पुस्ताको सोच बदलिएपछि किनमेल गर्ने पसल र उपभोग्य पदार्थ वा वस्तु बदलिने भए । सोच र प्रविधिले जीवनशैलीमा अझ परिवर्तन ल्याउने छ । फरक फरक पुस्ताका स्वभाव, रुचि, इच्छा र आकांक्षालाई हाम्रा नीति तथा कार्यक्रमले के कति तालमेल राख्न सके त ? पहिलो प्रश्न, समक्रममा हाम्रा शैक्षिक संस्था कति बदलिए त ? यिनका सोचमा के कति बदलाव आए ? कार्यशैलीमा के कति परिमार्जन गर्यौं त ? नीति तथा कार्यक्रम के कति मात्रामा बदलिए ? हाम्रा शैक्षिक प्रक्रिया के कति मात्रामा बदलिए त ?

दोस्रो, माध्यमिक तह पूरा गर्ने सबै जना उच्च शिक्षामा भर्ना नभई कामको संसारमा पनि जान्छन् भन्ने सोचबाट हामीले हाम्रा कार्यक्रम र शैक्षिक प्रक्रिया के कति मात्रामा तय गरेका छौँ त ? तेस्रो, कामको खोजमा बिदेसिएका विद्यार्थीलाई स्वदेशका विश्व विद्यालयमै अध्ययनका लागि जोडिन मिल्ने शैक्षिक कार्यक्रम हामीसँग के कति छन् ? चौथो, काममा संलग्न हुनेहरूलाई विगतमा रहेको प्राइभेट परीक्षार्थीको रूपमा भाग लिन पाउने अवसरलाई किन हटाइयो होला ? काममा संलग्न हुनेहरूलाई लक्षित गरेर अलि लचकदार शैक्षिक कार्यक्रम सञ्चालन गर्नेतर्फ हाम्रो सोच के कस्तो रह्यो त ?

पाँचौं, मुलुकका सबै संस्थाले सबै कार्यक्रम सञ्चालन गर्नेभन्दा पनि नयाँ परिवेश र समय एवं जेनेरेसनका लागि शैक्षिक कार्यक्रम सान्दर्भिक बनाउन अहिलेका शैक्षिक कार्यक्रम र आवश्यक परे संरचना पनि पूर्नसंरचना गर्ने सोच कहिले ल्याउने ? कार्यक्रमलाई लागत किफायती बनाई विद्यार्थीलाई बढी सुविधा र लक्षित समूहलाई निःशुल्क मात्र नभई लिभिङ कस्ट पनि दिने कि ? अनुसन्धानमा रकम बढाउन सकिन्थ्यो कि ?

छैठौं, सार्वजनिक शैक्षिक संस्थाका पदाधिकारीको बेमेलको असर विद्यार्थी र शैक्षिक संस्थामा कति परेको होला ? नयाँ प्रवेश गर्ने विद्यार्थी कुन उत्साहले आउला ? के हामी फरक विचार भएकासँग काम गर्नै **नसक्ने भएका हौँ त ?**

सातौँ, कतै हाम्रा कार्यशैलीले निरन्तरता मात्र पाएका त छैनन ? समय बदिलएपछि सोच बदलेर पाठ्यक्रम, शैक्षिक प्रक्रिया र मूल्याङ्कन प्रणाली बदल्ने काम के कति भएको छ त ? हाम्रा पुरानो शैलीले विद्यार्थीलाई कति वाक्क बनाएको होला ?

**अबको विकल्प के त ?**

उच्च शिक्षामा रहेका तमाम समस्या समाधान गर्न पदाधिकारीको सोच र कार्यशैली परिवर्तन गर्दै संरचनागत परिमार्जन पनि चाहिन्छ । जति पटक हिँडे पनि उही बाटो र उही गतिले पुगिने ठाउँ उही नै हुन्छ । बाटो सही भए गति बदल्नु पर्छ भने बाटो सही छैन भने त्यसलाई नै बदल्ने हिम्मत चाहिन्छ ।

कतै हामीलाई यहाँ अध्ययन गरिरहेकाको भन्दा बाहिर गएकाको बढी चिन्ता हो ? चिन्ता त यहाँ भएकाहरूको बारेमा लिनुपर्ने होइन र ? अझ चिन्ता त उच्च शिक्षाका बारेमा हुनुपर्ने होइन र ? कृष्णहरि बरालको रचना र दीपक लिम्बूले गाएको यहाँ देशको छ, चिन्ता तिमी माया माया भन्छ्यौ भने जस्तै यहाँ उच्च शिक्षाको चिन्ता गर्नुपर्ने बेलामा को गयो को आयो भन्ने कुरा सहायक हुन । यहाँ राम्रो गर्न सके बाहिर गएकाहरू जोडिन सक्छन् । जान खोज्ने नजान पनि सक्छन् । अन्य मुलुकबाट पनि आउन सक्छन् । तसर्थ समस्या उनमा मात्र होइन कि हामीमा पनि छन कि भनेर आफूतर्फ फर्कने हो भने समाधानका उपाय निस्कन्छ ।

हाम्रो जस्तो कमजोर स्रोत र साधन भएको मुलुकमा स्रोतको उच्चतम सदुपयोग गर्न मितव्ययी, लागत किफायती र प्राथमिकता कायम गरी काम गर्नु पर्छ । भएका कार्यक्रममा समय अनुसार परिमार्जन गर्नु पर्छ । पुरानो पनि नछोड्ने नयाँ ल्याउन स्रोत नहुनेको दुष्चक्रबाट बाहिर आउनु पर्छ । शिक्षा र बजारको सम्बन्ध छ, जहाँ बजारले शिक्षालाई निर्देशित गर्ने हुनाले बजारको यस स्वभावलाई बुझेर बदलिनु पर्छ । नयाँ लिनका लागि कम प्राथमिक देखिएकालाई पुनर्संरचना गर्न सक्नु पर्छ । अहिले बिदेसिएका विद्यार्थी कामको खोजी र शिक्षा दुवैको खोजीका लागि गएका हुन सक्छन् । तीनलाई रोक्नका लागि स्वदेशमा कामको अवसर सिर्जना गर्न सक्नु पर्छ । शिक्षा आफैँले रोजगारी सिर्जना गर्न सक्दैन । नयाँ नयाँ शैक्षिक संस्था बनाई भौतिक पूर्वाधार निर्माणमा स्रोत लगाउनभन्दा पनि भएका भौतिक संरचनालाई उच्चतम रूपमा प्रयोग गरेर बचत रकमलाई प्रविधि, अनुसन्धान र शिक्षक एवं विद्यार्थी कल्याणमा लगाउनु नै उपयुक्त हुन सक्छ ।

स्वदेशमा रोजगारी सिर्जना गर्न उत्पादनमा जोड दिनु पर्‍यो । उत्पादनमा कसरी जोड दिने त ? यसका लागि विश्वविद्यालयगत बहस होइन कि उच्च शिक्षामा बहस गर्नुपर्ने समय आयो । उच्च शिक्षा प्रणालीमा बहस चाहिन्छ । पिटर सेङ्गीले सन् १९९० मा लर्निङ अर्गननाइजेसनको सन्दर्भमा भनेको सिस्टम थिङ्किङ जस्तै पार्ट र होलको बुझाइ एकसाथ हुनु जरुरी देखियो ।

यस अवधारणाबाट उच्च शिक्षाका संरचना र शैक्षिक कार्यक्रमको पुनर्संरचना गर्न सक्दा ठुलो स्रोत बचत गरी गुणस्तर र विद्यार्थी सहुलियतमा खर्च गर्न सकिन्छ । अनुसन्धानमा खर्च गर्न सकिन्छ । उत्पादन लक्षित कार्यक्रममा लगानी बढाई रोजगारीका नयाँ सम्भावना खोल्न सकिन्छ । प्रविधिमा लगानी बढाउन सकिन्छ । यस्तो प्रविधिलाई उत्पादनमा जोड्न सकिन्छ ।

स्वदेश वा विदेशमा काम गर्ने तर अध्ययनको चाहना भएकाहरूलाई लक्षित गरेर पार्ट टाइम कोर्षको अवधारणा सहयोगी हुन सक्छ । गुणस्तर कायम गर्न उपयुक्त ढाँचा र उपाय अवलम्बन गर्न सकिन्छ नै । नयाँ नयाँ संस्था खोल्नभन्दा भएकै विश्वविद्यालयका संकाय वा विभागलाई थप अधिकार दिएर स्वायत्व बनाई कार्यक्रमलाई पुनर्संरचना गर्न सके कार्यक्रम स्तरीय बनाउन र बचत रकमलाई यसै क्षेत्रमा लगाउन सकिन्छ ।

अन्त्यमा अध्ययन र कामका लागि विद्यार्थी बाहिरिनुभन्दा पनि अझ ठुलो विषय भनेको त अध्ययनपश्चात् स्वदेश नफर्कनु वा फर्काउन नसक्नु हो । चीन र भारतको अनुभवले उपयुक्त नीतिले बाहिर गएकाहरूलाई फर्काउन सकिन्छ भन्ने सन्देश डेभिड र उनका साथीहरू मिलेर सन् २०२१ मा प्रकाशित गरेको रिभर्स आन्टरप्रेनियल माइग्रेसन इन चाइना एन्ड इन्डियाः द रोल अफ द स्टेट नामक पेपरको निष्कर्षले दिएको छ । तसर्थ हामीले पनि विदेश गएका र विदेशमा रहेका नेपालीलाई कसरी स्वदेश फर्काउने भन्नेमा थप काम सुरु गर्नु पर्छ ।

# नेपालमा विद्रोहको शृंखला र लखन थापाको विद्रोहको मूल्यांकन



• श्रीरामप्रसाद उपाध्याय

नेपालमा राज्यसत्ता विरुद्धमा हुने विद्रोहको इतिहास ज्यादै पुरानो छ। लिच्छवि राजा मानदेवका समयमा पूर्वका सामन्तहरूले केन्द्रीय सत्ताको विरुद्धमा विद्रोह गरेका थिए। त्यस विद्रोहलाई दमन गरेपछि राजा मानदेवले ती सामन्तहरूलाई सन्ठ (मूर्ख) भनेका थिए। प्राचीन कालदेखि नै जनविद्रोह दबाउन सैनिक तथा प्रहरी प्रशासनलाई दरिलो बनाएर राखिन्थ्यो। यस विद्रोहलाई सैन्य बलद्वारा नै दमन गरिएको थियो। यस्ता विद्रोहहरू मध्यकाल तथा आधुनिक कालसम्म निरन्तर जारी थिए।

अछामका बाँकावीर (बलदेव)ले राणाशासन विरुद्ध विसं १९०६ मा विद्रोह गरेका थिए। बाँकावीरको विद्रोह सामूहिक भलाइभन्दा पनि राजपरिवारको निजी भएको देखिन्छ। १९०६ पौष सुदी १५ मा कर्णेल खड्गबहादुर कुँवर राणाजी समक्ष अछामका भवानीसिंह र कालुसिंह स्वारले चढाएको बिन्तीपत्रमा बाँकावीर सरकारी निर्देशनमा मारिएको कुरा उल्लेख गरिएको छ। १९०५ सालमा जंगबहादुरले भवानीसिंह स्वारलाई पत्र लेख्दै 'अछामी रणभीम साहीका भाई बल्देव साही-१, बझाङ्गी अम्बरसिंह भण्डारी-१, गुमानसिंहको भाइ ईश्वर सिंह-१ तीन जना जहाँ फेला पर्छन् काटी दिनु' भन्ने आदेश दिएका थिए।

गुरुप्रसाद शाह तत्कालीन प्रधानमन्त्री फत्तेजंग शाहका माहिला भाइ थिए। कोतपर्वमा फत्तेजंग शाह मारिएपछि गुरुप्रसाद शाह बनारस पुगेका थिए। यिनी जंगबहादुरको विरोधी राजा राजेन्द्रको गुटमा लागेर सैनिक संगठनमा लागेका थिए। यिनैको उक्साहटमा बलदेव शाही (बाँकावीर)ले विद्रोह गरेको भनाइ पाइन्छ। पछि जंगबहादुरले यिनै गुरुप्रसाद शाहकी बहिनी हिरण्यगर्भकुमारीसँग विवाह गरेर विरोधीहरूलाई आफ्नो पक्षमा मिलाएका थिए।

२०८० भाद्र १९ को हिमालखबरमा उमेश राना गोर्खालीको विस्मृतिमा कतै हराई नजाउन्, शहीद सुकदेव गुरुङ लेख प्रकाशित भएको छ। यस लेखमा सुकदेव गुरुङका बलिदानका इतिहास लेखिएका छन्। यिनी बौद्ध धर्मका अनुयायी र समाज सुधारक थिए। १९३३ चैत्र ५ (दिनेशराज पन्तका अनुसार १९३३ फागुन २३) मा सुकदेव गुरुङको गोरखा जेलमा मृत्यु भएको थियो। श्रीपति गुरुङ नेपाली सेनाका कालीबहादुर पल्टनका वफादार थिए। यिनले जंगबहादुरको अत्याचार विरुद्धमा संगठित हुन आफ्ना साथीहरूलाई अनुरोध गरेका थिए। यो कुरा थाहा पाएर जंगबहादुरले सारा गुरुङ सेनालाई तोपले उडाउने विचार गरेर टुँडिखेलमा जम्मा गरेका थिए। आफू समेत सबै अनाहकमा मारिने भएको हुनाले एक जना गुरुङ सिपाही अगाडि बढी श्रीपति गुरुङलाई टुक्राटुक्रा पारेर काटिदिएका थिए। यसरी यिनले एक जना गुरुङको हत्या गरेर हजारौं गुरुङलाई बचाएका थिए। यो घटना वि.सं. १९१४ मा भएको थियो।

बेलायती रेजिडेन्ट (राजदूत) जर्ज रामसेका सर्जन ओल्डफिल्डले आफ्नो पुस्तक स्केचेज फ्रम नेपालमा यस सम्बन्धमा विस्तृत वर्णन गरेका छन्। १ जून १८५७ (१९१४ जेठ २०) आइतबारका दिन नेपाल दरबारमा ठूलो खलबली मच्चियो। गुरुङ पल्टनको एक जना जमदारले आफ्ना साथीहरूलाई मिलाई जंगबहादुरलाई मार्ने योजना बनाएको रहेछ। तर त्यसको पर्दाफास भयो। त्यस षड्यन्त्रमा धेरै सिपाही मिलेका छन् कि भनी शंका गरियो। यसका निम्ति सबै पल्टन टुँडिखेलमा जम्मा गराइए। तोप पनि ल्याइए।

गुरुङ पल्टनको अपराध सावित भयो भने त्यस पल्टनका जम्मै सिपाहीलाई एकैपल्ट समाप्त पार्ने विचार पहिले नै गरिएको थियो। तर त्यसो गर्नु परेन। पल्टनको अगाडि बन्दी ल्याइयो। उसको अपराधको प्रमाण देखाइयो, दोष सावित भयो। प्रत्येक पल्टनको समर्थन लिइयो। गुरुङ पल्टनका जवानहरूले बन्दीको पक्षमा सहानुभूति देखाउलान् कि भन्ने शंका थियो। गुरुङ पल्टनका जवानहरूले एकछिन परस्पर कुरा गरे। त्यसपछि तिनीहरू एक्कासि त्यस व्यक्ति उपर जाइ लागे र टुक्राटुक्रा हुने गरी काटिदिए।

**लखन थापाको नेतृत्वमा पहिलो जनवि□ह**

माथि उल्लिखित घटनापछि राणाशासन विरुद्धको विद्रोहलाई कप्तान लखन थापा मगरले सशस्त्र विद्रोहका रूपमा अगाडि बढाएका थिए। प्रथम शहीद लखन थापाको सैनिक संगठनको विषयमा जंगबहादुरका कान्छा छोरा पद्मजंगले यसरी लेखेका छन्, 'लखन थापा आफ्नै असल आचार र नम्रताले गर्दा छोटो समयमा नै १५ सय सेना जम्मा पार्न सफल भएका थिए। यिनले नेपाली सेनाको नेतृत्व गर्ने, राजधानी प्रवेश गर्ने, जंगबहादुरको हत्या गरेर सरकार आफ्नो अधीनमा लिने र त्यसै दिनदेखि नेपालको इतिहासमा भएको स्वर्णिम युग प्रारम्भ गर्ने घोषणा गरेका थिए।'

जीवन आले मगरबाट लेखिएको नेपालका प्रथम जनविद्रोही शहीद लखन थापा मगर पुस्तकमा लखन थापा मगरद्वारा गठित जनसरकारको उल्लेख छ। यस अनुसार लखन थापा मगर जनसरकारको प्रमुख (प्रधानमन्त्री), जयसिंह चुमी राना मगर जनसेनाको जनरल, विराज थापा मगर जनसेनाको कर्णेल, जुठया थापा मगर जनसेना कर्णेल, जीतमान गुरुङ जनसेनाको कर्णेल, अजपसिंह थापा मगर जनसरकार सदस्य र अछामी मगर जनसरकार सदस्य, सन्तज्ञान दिलदास, जनसरकार सदस्य, सुकदेव गुरुङ जनसरकार सदस्य, सुपति गुरुङ जनसरकार सदस्य, कालु (कानु) लम्साल, जनसरकार सदस्य र कुराल राना मगर जनसरकार कर्णेल थिए। यस जनसरकारलाई समावेशी बनाइएको थियो। यसमा जोसमनी सन्त परम्पराका सन्तज्ञान दिलदास पनि सामेल थिए। यस जनसरकारमा ब्राह्मणका साथै आदिवासी जनजाति सामेल थिए।

सन् १८५७ मा जंगबहादुर राणाले भारतको सिपाही विद्रोह दमन गर्न सहयोग गरेका थिए। भारतीय स्वतन्त्रताका लागि भएको यो विद्रोह दबाउन नेपालले सैन्य सहयोग गर्न हुँदैन भन्ने लखन थापा मगरलाई लागेको थियो। तर त्यति वेला सेनाको जागीरमा बहाल रहेका लखन थापा मगर बाध्य भएर भारत जानुपरेको थियो। त्यहाँ यिनले भारतीय युवाले देशका निम्ति बलिदान गरेको देखेका थिए। त्यो देखेर लखन थापा मगर पनि सैनिक सेवा परित्याग गरी नेपालमा प्रजातन्त्र स्थापना गराउने उद्देश्य लिई राणाशासन विरुद्धको विद्रोहमा लागेका थिए।

जंगबहादुर पुरातन सोचका थिए भने लखन थापा आधुनिकतातर्फ उन्मुख प्रजातान्त्रिक विचारका थिए। भिन्न उमेर, सोच र चिन्तनको बीचमा द्वन्द्व हुनु स्वाभाविक थियो। जंगबहादुरले निरंकुश शासन सञ्चालन गरिरहेका थिए। त्यसको विपरीत लखन थापा स्वर्णिम राज्यको स्थापना गर्न चाहन्थे।

इसं १८५४ (विसं १९१०)मा बेलायतबाट नेपाल फर्केपछि जंगबहादुरले राष्ट्रका निम्ति पहिलो पल्ट मुलुकी ऐन जारी गरेका थिए। तर यो ऐन अत्यन्तै विभेदकारी थियो। यसमा जातका आधारमा दण्ड दिने व्यवस्था गरिएको थियो। लखन थापा मगर यस्तो कानूनको घोर विरोधी थिए। यिनी समतामूलक आदर्श समाजको निर्माण गर्न चाहन्थे। त्यसैले यिनले जोसमनी सन्त परम्पराका ज्ञानी सन्त ज्ञानदिल दासलाई आफ्ना सहयोगी बनाएका थिए, जो लामिछाने थरका ब्राह्मण थिए। उनीहरू नेपाली समाजमा रूपान्तरण ल्याउन चाहन्थे। यिनीहरूले सामाजिक र राजनीतिक रूपान्तरणका निम्ति वास्तविकतामा गएर चेतना फैलाउने काम गरेका थिए। लखन थापा मगरले समतामूलक समावेशी समाजको परिकल्पना गरेका थिए।

प्रथम शहीद लखन थापा मगर स्वयम् नेपाली सेनाको कप्तान भएको हुनाले यिनलाई सैनिक अनुशासन र संगठनको राम्रो ज्ञान थियो। यिनको सेना समावेशी थियो। यिनको सेनामा सवै वर्ग र समूहका मानिस समाविष्ट थिए। त्यस जनसेनाभित्र कुनै भेदभाव थिएन।

लखन थापाले घर घरबाट हातहतियार ल्याई जनसेनामा सामेल हुन आह्वान गरेका थिए। यिनले गोरखाको बुङ्कोट काहुले भंगारमा आधारशिविर बनाएर राणाशासक

❖ बाँकी तेस्रो पृष्ठमा

# कान्तिपुर र रेड स्टारले जिते हिसान फुटबलको उपाधि

झापा(प्रस) । उच्च माध्यमिक शिक्षालय संघ (हिसान) मोरङले आयोजना गरेको खेलसप्ताहअन्तर्गत बुधबार राति भएको फुटबल प्रतियोगिताको उपाधि विराटनगरको कान्तिपुर कलेज र पथरीको रेड स्टार कलेजले जितेका छन् ।

विराटनगरको शहीद मैदानमा फ्लटलाईटमा भएको रात्रीकालिन छात्र फुटबलको फाइनल खेलमा कान्तिपुर कलेजले पथरीको रेड स्टार कलेजलाई १-० को गोल अन्तरले पराजित गरी उपाधि जितेको हो । कान्तिपुरको जितमा मध्यान्तरपछिको १४ औं मिनेटमा




गौतम चौधरीले निर्णायक गोल गरे । फाइनल खेलको प्लेयर अफ द फाइनल कान्तिपुरका शिवनारायण चौधरी घोषित भए । हाइस्कोरर कान्तिपुरका गौतम चौधरी, उत्कृष्ट गोलकिप्पर कान्तिपुरका जिवन चौधरी, उत्कृष्ट डिफेन्स कान्तिपुरका आदित्य राना मगर, उत्कृष्ट मिफिल्डर रेड स्टारका सौगात राई भए भने उत्कृष्ड प्रशिक्षक कान्तिपुरका कोमल खवास भए ।

त्यसअघि भएको छात्रा फुटबलमा साविक विजेता विराटनगरको अर्किड कलेजलाई पराजित गर्दै पथरीको रेड स्टारले पहिलो पटक छात्रा फुटबलको उपाधि जितेको छ ।

रेडस्टारले अर्किडलाई ३-० को गोल अन्तरले पराजित गरी उपाधि जितेको हो । रेड स्टारको जितमा स्मृती राई, सलिजा राई र आशिका लिम्बूले १-१ गोर गरे । फाइनल खेलको प्लेयर अफ द सिरिज रेड स्टारकी स्मृती राई भइन् भने हाइस्कोरर अर्किडकी समिक्षा आचार्य, उत्कृष्ट मिडफिल्डर रेड स्टारकी सलिजा राई र उत्कृष्ट गोलकिप्पर रेड स्टारकी विद्या लिम्बू घोषित भए।

विजयी तथा अन्य खेलाडीलाई प्रमुख अतिथि हिसानका केन्द्रीय उपाध्यक्ष भेषराज पोखरेल, हिसान कोशी प्रदेशका अध्यक्ष ज्ञानबहादुर खडका, सचिव दिपेश बास्तोला र हिसान मोरङका अध्यक्ष अमित ढकालल‌गायतले पुरस्कार तथा ट्रफी वितरण गरे ।

# सवारी दुर्घटनामा ६ जना घाइते

झापा(प्रस) ।पूर्वका विभिन्न जिल्लामा भएका सवारी दुर्घटनामा ६ जना घाइते भएका छन् । बुधवार दिउँसो २.१० बजे इलाम फाकफोकथुम- ६ मेतालुङस्थित भित्री सडकखण्डमा प्र.१-०१-००२ त. ०५३१ नम्बरको ट्रयाक्टर मेतालुङबाट मल बोकेर जाने क्रममा ब्रेक फेल भई रोडबाट अन्दाजी ४५ मिटर तल झरेर दुर्घटना भएको हो । ट्रयाक्टर पूर्णरुपमा क्षतिग्रस्त भएको छ भने चालक फाकफोकथुम- ६ हाङमासुली बस्ने ३० वर्षीय दिलकुमार राई सामान्य घाइते भएका छन् भने ट्रयाक्टरमा सवार फाकफोकथुम- ६ मेतालुङ बस्ने ५ वर्षीय समृत राई गंभीर घाइते भएका छन् । बालक राईलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

त्यस्तै बुधवार राति ८ बजे संखुवासभा खाँदबारी - १० सागर डाँडास्थित भित्री सडकखण्डमा ना ७ ख ४६९२ नं. को टिपर तुम्लिङटारबाट नागेश्वरतर्फ ढुंगा बोकेर जाँदै गरेको अवस्थामा अचानक आफै अनियन्त्रित भई सडकबाट ५० मिटर तल झरेर दुर्घटना भएको छ ।

दुर्घटनामा टिपर चालक संखुवासभा चिचिला- ३ दिदिङ बस्ने अन्दाजी ४५ वर्षीय बिनोद राई घाइते भएका छन् । उनलाई उपचारको लागि जिल्ला अस्पताल खाँदबारीतर्फ पठाइएको छ ।

त्यस्तै बुधवार बिहान ८.३० बजे सुनसरी बर्जु -१ झोरावानस्थित चिमडी-विराटनगर भित्री हुलाकी राजमार्गको सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको कुखुरा बोकेको प्र१-०४-००१च १३०८ नम्बरको महिन्द्र पिकअप भेन हुस्सुका कारण आफै अनियन्त्रित भई सडकको साइडमा रोकेर राखेको को२त ६६०२ नम्बरको आलु लोड भएको ट्र्याक्टरमा ठोक्किएको छ । दुर्घटनामा पिकअप चालक सुनसरी बर्जु -५ बस्ने अन्दाजी २४ वर्षीय रोशन पण्डित , सहचालक बर्जु- ६ बस्ने अन्दाजी २७ वर्षीय संजित चौधरी र पिकअपमा काम गर्ने कामदार अन्दाजी ४२ वर्षीय प्रह्लाद चौधरी घाइते भएका छन् । ट्र्याक्टर चालक सुनसरी देवानगंज-५ बस्ने अन्दाजी ५० वर्षीय ब्रम्हदेव यादवलाई प्रहरी चौकी शुक्रबारे सुनसरीले नियन्त्रणमा लिएको छ ।

# अस्तित्व जोगाउन राजवंशी चोक नामकरण




झापा(प्रस)। दिन प्रतिदिन हराउँदै गएको आफ्नो इतिहास र अस्तित्वलाई जोगाउन मोरङ सुनवर्षीका आदिवासी राजवंशीहरुले राजवंशी चोक नामकरण गरेका छन् । सुनवर्षी नगरपालिका वडा नं २ र ३ को वभनाडोभमा उनीहरुले राजवंशी चोक नामकरण गरी साइनबोर्ड राखेका छन् । हकलवारी , सुंगा , सुनवर्षी पोखरी र अमरदह जाने चोकलाई आफूहरुले राजवंशी चोक नामकरण गरेको स्थानीय समाजसेवी देव राजवंशीले बताए । एकपछि अर्को गर्दै गैर आदिवासीहरुले पुराना ऐतिहासिक ठाउँहरुको इतिहास नामेट गर्दै लगेपछि राजवंशी चोक नामकरण गरेर साइनबोर्ड नै राखिएको उनले जानकारी दिएका छन् । अन्य ठाउँमा पनि राजवंशीहरुले आफ्नो जातिको नामबाट चोकको नामकरण गरेका छन् ।

# साहित्य चौतारीको विविध कार्यक्रम

बिर्तामोड(प्रस) । साहित्य चौतारी बिर्तामोडले संस्थाको रजत वर्ष विशेषाङ्क कृति पूर्ण लोकार्पण, पुस्तकालय शुभारम्भ, अक्षयकोष हस्तान्तरण, संस्थागत अभिनन्दन, श्रष्टा सम्मानलगायतका कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थाका संस्थापक, संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठको अध्यक्षता तथा संस्थाका संस्थापक सल्लाहकार, मदन पुरस्कार बिजेता, अभिनन्दित वरिष्ठ साहित्यकार कृष्ण धरावासीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक संस्थाका उपाध्यक्ष हिम्मत नेम्बाङले स्वागतसहित औचित्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा संस्थागत साहित्यिक संस्था सम्मान कार्यक्रमअन्तर्गत त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारी र देवकोटा स्मृति भवन भद्रपुर झापालाई सम्मान गरिएको थियो ।

उक्त सम्मान त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारीका अध्यक्ष प्रेमप्रकाश फलाहारी र देवकोटा स्मृति भवन भद्रपुर झापाका अध्यक्ष राजेन्द्र चापागाईले ग्रहण गरेका थिए।सोही कार्यक्रममा वरिष्ठ साहित्यकार हेम अधिकारी दम्पत्ती , वरिष्ठ चित्रकार डिल्लीकृष्ण आले, गायक तथा संगीतकार प्रदीप देवान दम्पत्तीलाई अभिनन्दन तथा अग्रज स्वास्थ्यकर्मी लालबहादुर सुब्बा दम्पत्ती , गायक, संगीतकार तथा कलाकार मातृका संग्रौला दम्पत्ती र साहित्यकार लक्ष्मीअच्युत ढुंगानालाई सम्मान गरिएको थियो । उनीहरुको सम्मानपत्रको वाचन सचिव तुलसीप्रसाद निरौला, सल्लाहकार संयोजक राजेन्द्र संग्रौला, सदस्य चित्रा पौड्यालले गरेका थिए। कार्यक्रममा संस्थाको रजत वर्ष (२५ वर्ष) सम्मका विभिन्न गतिविधिहरुलाई समेटेर तयार पारिएको रजत बर्ष विशेषाङ्कको पूर्ण लोकार्पण गरिएको थियो । संस्थाको रजत वर्षको अवसरमा आयोजित कार्यक्रममा गत असार ३१ गते भएको रजत महोत्सवमा नमूना अंक (डेमो) लोकार्पण गरिएकोमा यस वर्ष रजत बर्ष विशेषाङ्कको पूर्ण लोकार्पण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि धरावासी, साहित्यकार. मञ्जु बिमली, प्राज्ञ सुमित्रा बाङ्देल चेली, साहित्यकार पुण्यप्रसाद खरेल, अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्नीप्रसाद सिग्देल, शंकराचार्य पीठ साधुटारका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडा,त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारीका अध्यक्ष प्रेमप्रकाश फलाहारी , साउती हास्यव्यङ्ग्य साहित्यिक संस्थाका अध्यक्ष अन्तर्राष्ट्रिय अभिनन्दित ब्यक्तित्व मुक्ति बराल उपाध्याय, देवकोटा स्मृति भवन भद्रपुर झापाका अध्यक्ष राजेन्द्र चापागाई, संस्थाका संस्थापक, संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठ, संस्थाकी संस्थापक, संरक्षक तथा वरिष्ठ उपाध्यक्ष उर्मिला बिमली श्रेष्ठ , पूर्व अध्यक्ष केशव आचार्य, टंक बिकल्प, निवर्तमान अध्यक्ष हस्त परियार , सल्लाहकार संयोजक राजेन्द्र संग्रौला, सदस्य हरिनारायण भट्टराईलगायतले रजत बर्ष विशेषाङ्कको पूर्ण लोकार्पण गरेका थिए।कार्यक्रममा रजत बर्ष विशेषाङ्कका सम्पादक राजेन्द्र संग्रौलाले साहित्य चौतारी बिर्तामोड झापाले साहित्य चौतारी विशेषाङ्कको पहिलो र दोस्रो अंकसमेत प्रकाशित भइसकेर यस वर्ष रजत वर्ष विशेषाङ्क प्रकाशित गरिएको बताए । उनले रजत वर्ष विशेषाङ्क प्रकाशनमा सहयोग पुर्याउने सबैलाई धन्यवाद ज्ञापन समेत गरे । कार्यक्रममा संस्थाका सदस्य डीपी शर्माले रजतवर्ष विशेषाङ्कको समिक्षा गर्दै साहित्य चौतारीको इतिहासलाई जीवन्त राख्न रजत वर्ष विशेषाङ्क महत्वपूर्ण भएको बताए । कार्यक्रममा साहित्य चौतारी पुस्तकालयको शुभारम्भ गरिएको थियो। प्रमुख अतिथि धरावासी, लेखनाथ पुस्तकालयकी अध्यक्ष खगेन्द्रा खुशी,त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारीका अध्यक्ष प्रेमप्रकाश फलाहारीलगायतले पुस्तकालय शुभारम्भ गरेका थिए । साहित्य चौतारी बिर्तामोड झापाले साहित्य, कला, संस्कृति भाषा, परम्पराको जगेर्नाका लागि हाल सामान्य रुपमा सञ्चालन भइरहेको पुस्ताकालयलाई व्यवस्थित बनाउँदै साहित्य चौतारी पुस्तकालयको रुपमा शुभारम्भ गरिएको अध्यक्ष देवीभक्त श्रेष्ठले बताए । पुस्तकालयको बारेमा संस्थाका पूर्व उपाध्यक्ष कृष्ण सुवेदी निराकारले जानकारी गराएको कार्यक्रममा पुस्तकालय सञ्चालनका लागि बिभिन्न श्रष्टा सर्जक तथा साहित्यिक संघ संस्थाहरूका प्रमुखले पुस्तक उपलब्ध गराएको पुस्तकालय सञ्चालन समितिका संयोजक संस्थाका सचिव निरौलाले जानकारी दिए ।

कार्यक्रममा संस्थाका संस्थापक, संरक्षक तथा अध्यक्ष देवीभक्त श्रेष्ठ र संस्थाका संस्थापक, संरक्षक तथा वरिष्ठ उपाध्यक्ष उर्मिला बिमली श्रेष्ठको ३९ औं वैवाहिक बर्षगाठ मनाइएको थियो। कार्यक्रममा अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्नीप्रसाद सिग्देल, शंकराचार्य पीठ साधुटारका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडासहित प्रमुख अतिथि धरावासी र अन्य अतिथिहरूले श्रेष्ठ दम्पत्तीलाई वैवाहिक जीवनको शुभकामना दिएका थिए । कार्यक्रममा अध्यक्ष श्रेष्ठले झापाको अर्जुनधारा १ साधुटारमा भएको सर्वकल्याण अभिषेकात्मक अतिरुद्र महायागमा संस्थाको तर्फबाट अक्षयकोषका लागि प्रदान गरिएको ५१ हजार एक सय ५१ रुपैयाँको चेक शंकराचार्य पीठ साधुटारका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडालाई हस्तान्तरण गरेका थिए ।

त्यस्तै सोही कार्यक्रममा संस्थापक, संरक्षक तथा अध्यक्ष श्रेष्ठले आफूलाई व्यापार, व्यवसायमा संलग्न गराई अगाडि बढाउन प्रेरित तथा सहयोग गर्ने भिनाजु हर्कबहादुर प्रधान र ज्वाइँ लोकबहादुर पौडेलको स्मृतिमा हर्क-लोक स्मृति अक्षयकोष स्थापनाका लागि प्रदान गरिएको दश लाख रुपैयाँको चेक अध्यक्ष श्रेष्ठले दिदी मुना श्रेष्ठ प्रधान र बहिनी बेनुकुमारी श्रेष्ठ पौडेललाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि धरावासी, प्राज्ञ सुमित्रा बाङ्देल चेली, साउती हास्यव्यङ्ग्य साहित्यिक संस्थाका अध्यक्ष अन्तर्राष्ट्रिय अभिनन्दित ब्यक्तित्व मुक्ति बराल उपाध्याय, त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारीका अध्यक्ष प्रेमप्रकाश फलाहारी, शंकराचार्य पीठ साधुटारका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडा,देवकोटा स्मृति भवन भद्रपुर झापाका अध्यक्ष राजेन्द्र चापागाई, वरिष्ठ साहित्यकार हेम अधिकारी, संस्थाका पूर्व अध्यक्ष टंक बिकल्पलगायतले शुभकामनासहित मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा शहीद दिवसको अवसर तथा दिवंगत श्रष्टाहरु संस्थाका पूर्व प्रमुख अतिथि तथा सम्मानित अजर अमर सर्जकहरु कुमार सुब्बा, हिरादेवी वाइवा, तारादेवी, अरुणा लामाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै गायक तथा संगीतकार प्रदीप देवान, धना राई देवान, संस्थाकी सदस्य मनिषा भट्टराई, सप्तक संगीतालयका लिरीक्स राज्यलक्ष्मी पौडेल , आकृति बिष्ट, साहरा पोखरेल, अपेक्षा भण्डारी , आलिया अधिकारी, स्मयन बजगाई , अनन्त मिश्र, संस्कार सापकोटालगायतले गीत प्रस्तुत गरेका थिए।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव निरौलाले गरेको सहसंरक्षक तथा महासचिव गौरव श्रेष्ठले जानकारी दिए।

## नेपालमा...

जंगबहादुरलाई पदच्युत गर्न काठमाडौं दखल गर्ने योजना बनाएका थिए। उक्त योजना सफल बनाउन सैनिक तालीम तथा प्रशिक्षण दिने गर्दथे। यिनका सेना इमानदार र राष्ट्रभक्त थिए।

बनबासाको शिकारको कार्यक्रम सकिएपछि काठमाडौं फर्कँदै गरेका जंगबहादुरलाई चन्द्रागिरिमा मार्ने प्रयास गरिएको थियो। त्यस षड्यन्त्रबाट जंगबहादुर बचे। त्यस घटनापछि यिनले लखन थापा मगरको विद्रोह दमन गर्न देवीदत्त दल खटाए।

प्रथम शहीद लखन थापा मगर समेत जयसिंह चुमी, विराज थापा, जुठ्या थापा, अजपसिंह थापा, जितमान गुरुङ र पलसिंह अछामी मगरलाई पिंजडामा हालेर ल्याई थापाथली दरबारमा मुद्दा चलाइयो। जंगबहादुरको आदेशमा लखन थापालाई गोरखाको बुङ्कोट काहुले भंगारमा लगेर झुन्ड्याइएको थियो। विद्रोहमा लागेका जनतालाई त्रसित गराउने उद्देश्यले लखन र उनका सहयोद्धालाई जन्मभूमिमा नै झुन्ड्याएर मारिएको थियो।

विसं १९३३ फागुन २ मा प्रथम शहीद लखन थापा मगर र सहयोगी अमर शहीदहरूलाई मृत्युदण्ड दिइएको थियो। इतिहासकार प्रमोदशमशेर राणाले आफ्नो पुस्तकमा लखन थापा मगरलाई प्रथम शहीद मान्नुपर्ने कारण खुलाएका छन्। यिनका अनुसार लखन थापाले जस्तै सैनिक संगठन र जनसरकार गठन गरी नयाँ शासन व्यवस्था ल्याउने सपना त्यसअघि अरू कसैले देखेका थिएनन्।

**लखन थापाको विद्रोह र शहादतको मूल्यांकन**

लखन थापा मगरको नेतृत्वमा भएको विद्रोह र अन्य विद्रोहमा केही मूलभूत भिन्नता थिए। लखन थापा मगरको विद्रोह नेपालको इतिहासमा पहिलो राजनीतिक विद्रोह थियो। निरंकुश शासन व्यवस्था विरुद्ध जनजागरण गर्ने, संगठन गर्ने, जनसेना र जनसरकार बनाउने उनी नै पहिलो व्यक्ति थिए। पहिलो पटक यस विद्रोहमा हजारौं नेपाली जनताले साथ दिएका थिए। त्यसैले यसलाई नेपालमा निरंकुश शासन विरुद्धको पहिलो जनविद्रोह मानिन्छ। उनको विद्रोहको प्रस्ट उद्देश्य निरंकुश राणाशासनको अन्त्य गर्ने र नेपालमा सुनौलो व्यवस्था (प्रजातन्त्र) ल्याउने भन्ने थियो। यस्तो स्पष्ट राजनीतिक उद्देश्यले विद्रोह गर्ने र उक्त विद्रोह गरेकै कारणले मारिने पनि उनी नै पहिलो व्यक्ति थिए। उक्त विद्रोह मार्फत नै लखन थापाले नेपालमा राजनीतिक आन्दोलन र जनआन्दोलनको प्रारम्भ गरेका थिए। त्यसैले उनलाई नेपालको पहिलो शहीदको सम्मान प्रदान गरिएको हो।

लखन थापा मगरलाई प्रथम शहीद घोषित गर्न सबै दलका सांसद र धेरै इतिहास तथा विद्वान्‌ले तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई तथ्य प्रमाण पेश गरी अनुरोध गरेको परिणामस्वरूप सरकारले उचित मूल्यांकन गरी लखन थापा मगरलाई प्रथम शहीद घोषणा गर्ने जस्तो ऐतिहासिक र राम्रो निर्णय २०७२ असोज ३ गते गरेको थियो। नेपालको राजनीतिक इतिहासका घटनाक्रमको तथ्य-प्रमाण र त्यसको मूल्यांकनका आधारमा उनी नै प्रथम शहीदका हकदार पनि थिए।

तत्कालीन श्री ५ को सरकार, हालका स्थानीय सरकार, सामाजिक संघसंस्था र जनताको सक्रियतामा देशका विभिन्न भागमा प्रथम शहीद लखन थापाका मूर्ति तथा पार्क स्थापना भएका छन्। पूर्व महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री गोरेबहादुर खपांगीद्वारा शहीद लखन थापा मगरको जन्मस्थान गोरखाको बुङ्कोट काहुले भंगारमा २०६० सालमा पहिलो पटक अर्धकदको प्रतिमा अनावरण भएको छ। उक्त शालिक बनाउन २०५६ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारले स्थानीय विकास मन्त्रालयबाट रु. पाँच लाख बजेट व्यवस्था गरेको थियो।

हालसम्म पोखरा, बुटवल, दाङ (घोराही), चितवन (रामनगर), नेपालगन्ज (खजुरा), रौतहट (चन्द्रनिगाहपुर), सर्लाही (नुनथर), गोरखा बजार, गोरखा प्रवेशद्वार, मनकामना (ढाँडबारी), शहीद लखन गाउँपालिका प्रवेशद्वार, धादिङ सदरमुकाम, नवलपरासी, पाल्पा (तानसेन), हेटौंडा लगायत ठाउँमा प्रथम शहीद लखन थापा मगरको सम्मानमा शालिक राखिएका छन्। यसरी देशव्यापी रूपमा जनस्तरबाट शालिक राखिनुले पनि उनीप्रति नेपाली जनताको उच्च सम्मान रहेको स्पष्ट हुन्छ। लखन थापाको विद्रोहले तत्कालीन नेपाली समाजमा जसरी व्यापक प्रभाव पारेको थियो; त्यसैगरी आज सारा नेपालीले उनको योगदानलाई स्मरण गरी श्रद्धा गरेका छन्।

त्यस्तै, प्रथम शहीद लखन थापा मगरको स्मृति र सम्मानमा नेपाल सरकारले २०७३ मंसीरमा उनको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गरेको छ।

जनआन्दोलन र शहादती मार्गका लागि नेपाली जनतालाई प्रेरणा प्रदान गर्ने पहिलो प्रजातान्त्रिक योद्धा भएकाले लखन थापा मगर लोकतन्त्र (प्रजातन्त्र) र जनअधिकारका प्रतिमूर्ति हुन्। नेपाल सरकारले प्रथम शहीद लखन थापा मगरलाई राष्ट्रिय विभूति घोषणा गर्नु उपयुक्त हुन्छ। हरेक वर्ष माघ १० गतेदेखि १६ गतेसम्म ‘शहीद सप्ताह’ र माघ १६ गते ‘शहीद दिवस’ मनाउने गरिएको छ। यस अवसरमा नेपालका प्रथम शहीद लखन थापा मगर लगायत सबै शहीदलाई स्मरण गरी सम्मान गर्नुपर्दछ।

प्रथम शहीद लखन थापा मगरको नाममा संग्रहालय खोल्न पाए उनी सम्बन्धी थप अध्ययन तथा अनुसन्धान गर्न सजिलो हुने थियो। यसतर्फ सरकारले ध्यान दिनुपर्छ। आफ्नो जागीर र जीवनको वास्ता नगरी जीवनको आहुति दिने प्रथम शहीद लखन थापा मगर सहित सम्पूर्ण शहीदप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता

**वृष** आज शुभ कार्यमा सरिक भइनेछ । प्रेमीको सुझाव अनुरूप कार्य पनि गर्न सकिनेछ ।

**मिथुन** आज रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ ।

**कर्कट** करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ

**सिंह** महत्त्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला

**कन्या** आज चिताएको कामले तीव्रता लिनेछ । परिश्रम अनुसार उपलब्धि पनि राम्रै पाइनेछ

**तुला** आज तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । न्यायिक कार्यमा सफलता

**वृश्चिक** आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर

**धनु** समय व्यवस्थापन गर्न गारो होला । शुभकार्यको चर्चा चल्नेछ ।

**मकर** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।

**कुम्भ** धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । लक्ष्मी प्रसन्न हुने योग पनि छ ।